# मिसन ग्रिन नेपाल एग्रो एण्ड फरेस्ट्री प्रा. लि.

**MISSION GREEN NEPAL AGRO & FORESTRY PVT. LTD.**

का.म.न.पा.-४,काठमाडौँ

Green Nepal-App


च.नं. :०५७ मितिः २०८३/०२/०६

श्रीमान् सूचना अधिकारी ज्यू

**विषयः ग्रीन नेपाल राष्ट्रिय अभियानको सूचना सम्प्रेषण सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयमा मिसन ग्रीन नेपाल एग्रो एन्ड फरेस्ट्री प्रा. लि. लगायत विभिन्न संघ-संस्थाको सहयोग तथा सहकार्यमा नेपालभरि वृक्षारोपण कार्यक्रमहरू सञ्चालन गरी 'विश्व वातावरण दिवस' मनाइने भएको छ।

यस कार्यक्रमले '**ग्रीन नेपाल राष्ट्रिय अभियान**' मार्फत आयमूलक वृक्षारोपण र वातावरण संरक्षण सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्य राखेको छ। उक्त कार्यक्रम निरन्तर सञ्चालन गर्न लागिएकाले यहाँको पालिका अन्तर्गत रहेका वडा कार्यालय, विद्यालय, संघ-संस्था तथा स्थानीय जनसमुदायको सक्रियताको लागि Mobile App Green Nepal मार्फत सहभागिता रहने अपेक्षा गर्दछौँ। यस सम्बन्धी जानकारी पालिका/वडा कार्यालयको सूचना पाटी, आधिकारिक सामाजिक सञ्जाल तथा अन्य सञ्चार माध्यमहरू मार्फत प्रचारप्रसार एवं सूचना सम्प्रेषण गरिदिनुहुन विनम्र अनुरोध गर्दछौँ। साथै Green Nepal App मार्फत कृषकहरूले आफ्नो उत्पादन नेपालभरि बिक्री-वितरण गर्नुका साथै खरिद पनि गर्न सक्नुहुनेछ।

Mobile App

Green Nepal डाउनलोड गर्नुहोस्

अनुरोधकः
ग्रीन नेपाल संयुक्त कार्यक्रम आयोजक समिति
व्यवस्थापकः अमित ब्रमा
सम्पर्कः 9851278648

***उपलब्ध हुने बिरुवाहरूः***

१) रक्तचन्दन
२) श्रीखण्ड
३) अगरउड
४) बुद्धचित्त
५) रुद्राक्ष
६) मोरिङ्गा
७) बेलपत्र
८) ड्रागन फ्रुट
९) तेजपात
१०) अन्य

***सहयोगी संघ-संस्थाहरूः***

१) मनोहरा जेसीज
२) नेपाल स्काउट
३) संघर्ष जन-आवाज मिडिया
४) PABSON,PETSAN
५) NARMIN,MuAN

**कार्यक्रम विवरणः**

१) कार्यक्रम राष्ट्रिय टेलिभिजनहरू मार्फत प्रसारण हुनेछ भने यसको सञ्चालन मोबाइल एप (Green-Nepal App) मार्फत हुनेछ।
२) Green-Nepal App मोबाइलमा डाउनलोड गरी अन्य सम्पूर्ण जानकारी तथा विवरणहरू एपमै उपलब्ध हुने व्यवस्था गरिएको छ।

Kageshwori Manohara-4 missiongreennepal77@gmail.com 015927213/9851278645

# ग्रीन नेपाल राष्ट्रिय अभियान

"आयमूलक बिरुवाहरू वृक्षारोपण गरौँ"

'ग्रीन नेपाल' कार्यक्रममा सहयोग तथा सहभागिता जनाउनुहुने पालिका, वडा कार्यालय, विद्यालय तथा संघ-संस्थाहरूलाई यस वर्ष आयमूलक बिरुवाहरू वृक्षारोपण गर्न वा बिरुवाहरू वितरण गर्न माग भए बमोजिम संस्थाका कार्यालयहरूमा विशेष अनुदान छुटमा निम्न बिरुवाहरू उपलब्ध गराइनेछ।

## बिरुवाको विवरण:

| नाम | उमेर | उचाइ | गुणस्तर | कुल मूल्य | अनुदान छुट मूल्य | लागत मूल्य |
|---|---|---|---|---|---|---|
| रक्तचन्दन | ६/१२ महिना | १.५/२ फिट | उच्च | १००० | ७७५ | २२५ |
| श्रीखण्ड | ६/१२ महिना | १.५/२ फिट | उच्च | ८०० | ६०० | २०० |
| बुद्धचित्त | ६/१२ महिना | १.५/२ फिट | उच्च | ६०० | ४२० | १८० |
| बेलपत्र | ६/१२ महिना | १.५/२ फिट | उच्च | ३०० | १९० | ११० |
| रुद्राक्ष | ६/१२ महिना | १.५/२ फिट | उच्च | २६० | १७० | ९० |
| अगरउड | ६/१२ महिना | १.५/२ फिट | उच्च | २६० | १७० | ९० |
| मोरिंगा | ६/१२ महिना | १.५/२ फिट | उच्च | ३०० | १९० | ११० |
| तेजपात | ६/१२ महिना | १.५/२ फिट | उच्च | २२० | १४० | ८० |
| ड्रागन फ्रुट | ६/१२ महिना | १.५/२ फिट | उच्च | २२० | १४० | ८० |

## प्रदेश व्यवस्थापक सम्पर्क

| कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|
| रमिला प्रधान | सीता विष्ट | अनुशा पौड्याल | सबिना राई | प्रतिमा दाहाल | कल्पना बुढा | अस्मिता परियार |
| 9767990415 | 9768551834 | 9768551837 | 9768551835 | 9768510493 | 9768510494 | 9768551836 |

Mobile App

Green Nepal डाउनलोड गर्नुहोस्

पालिका, वडा कार्यालय, विद्यालय तथा संघ-संस्थाहरूले माथि उल्लेखित नम्बरहरूमा सम्पर्क गरी बिरुवा खरिद गर्न सक्नुहुनेछ। यस कार्यक्रमको अवसरमा उच्च लाभ

Kageshwori Manohara-4 missiongreennepal77@gmail.com 015927213/9851278645

# ग्रीन नेपाल राष्ट्रिय अभियान
## आर्थिक उन्नतीका लागि वृक्षारोपन

### रक्तचन्दन



रक्तचन्दन बिरुवाका लागि उपयुक्त तापक्रम १५°c देखि ३५°c सम्म राम्रो हुन्छ । यो एक बहुमूल्य र दुर्लभ वनस्पति हो। यसको उपयोग औषधि लगायत विभिन्न सामग्रीमा हुन्छ । बिरुवालाई तुसारोबाट जोगाउनुपर्छ । यसको लागि दोमट माटो राम्रो हुन्छ । करिब १२ देखि १५ वर्षमा तयार भएपछि यसको बजार मूल्य राम्रो हुन्छ ।

### श्रीखण्ड



श्रीखण्ड बिरुवाका लागि उपयुक्त तापक्रम १८°c देखि ३८°c सम्म राम्रो हुन्छ । यो एक बहुमूल्य र दुर्लभ वनस्पति हो । यसको काठ, तेल तथा सुगन्धित सामग्रीमा प्रयोग हुन्छ । बिरुवालाइ तुसारोबाट जोगाउनुपर्छ भने अर्ध-परजीवी बिरुवा यसको राम्रो विकासका लागि सँगै अर्को कुनै बिरुवा रोप्नुपर्छ ।

### बोधिचित्त



बोधिचित्त एक धार्मिक महत्व भएको बिरुवा हो । यसको दाना माला बनाउन प्रयोग गरिन्छ । यसको लागि उपयुक्त तापक्रम १५°c देखि ३०°c सम्म राम्रो मानिन्छ । विशेषगरी ५ मुखी दानाको मूल्य बजारमा राम्रो हुन्छ। यो बिरुवाले करिब ३ वर्षदेखि फल दिन सुरु गर्छ। यसको लागि दोमट माटो राम्रो हुन्छ ।

### मोरिङ्गा / सहिजन



मोरिङ्गा एउटा चमत्कारिक बिरुवा हो । यसको पात, फल, फूल, बीउ र जरासम्मको प्रयोग विभिन्न खाद्य तथा औषधीय प्रयोजनमा गरिन्छ । यसको लागि उपयुक्त तापक्रम २०°c देखि ३८°c सम्म राम्रो मानिन्छ। दोमट माटो राम्रो हुन्छ भने रोपेको ३-४ वर्षदेखि राम्रो उत्पादन दिन थाल्छ ।

### रुद्राक्ष



रुद्राक्ष एउटा धार्मिक तथा औषधीय बिरुवा हो। यो समुद्री सतहबाट करिब ५०० देखि २००० मिटर उचाइ भएको क्षेत्रमा राम्रो हुन्छ। यसको लागि १८°c देखि ३५°c सम्मको तापक्रम उपयुक्त मानिन्छ।यसलेकरिबरोपेको५वर्षदेखि उत्पादन दिन सुरु गर्छ । यसको लागि दोमट माटो उचित हुन्छ ।

### ड्रागन फ्रुट



ड्रागन फ्रुट एउटा क्याक्टस प्रजातिको पोषिलो फल दिने बिरुवा हो । यसको लागि दोमट माटो राम्रो हुन्छ भने १८°c देखि ३४°c सम्मको तापक्रम उपयुक्त मानिन्छ । यसले करिब २ वर्षदेखि नै उत्पादन दिन सुरु गर्छ । यसको बजार मूल्य पनि राम्रो छ ।

### बेलपत्र



बेलपत्र एउटा धार्मिक विशेषता भएको औषधीय बिरुवा हो । यसको लागि दोमट माटो राम्रो हुन्छ भने १८°c देखि ३५°c सम्मको तापक्रम उपयुक्त मानिन्छ ।

### अगरवुड



अगरवुड एउटा सुगन्धित तथा मूल्यवान काठजन्य बिरुवा हो। यसको लागि दोमट माटो राम्रो हुन्छ भने १५°c देखि ३५°c सम्मको तापक्रम उपयुक्त मानिन्छ । यो करिब १२ देखि १५ वर्षमा तयार हुन्छ ।

Mobile App
Green Nepal
डाउनलोड गर्नुहोस्